# मकै तथा आलुको वाली पात्रो

## तयार गर्ने

सुरता काफ्ले, कृषि स्नातक इन्टर्न २०७७/७८
विपिन वस्ताकोटी, कृषि स्नातक इन्टर्न २०७७/७८

सुमन खड्का
प्रकाश पौडेल

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन इकाई,
सिन्धुपाल्चोक






# वैशाख महिनाको पात्रो

### वैशाख महिनामा मकै बालीमा गरिने प्रमुख कार्यहरुः

- गुणस्तरीय बीउ छनौट गर्ने। बीउ छनौट गर्दा स्थान विषेश अनुसार सिफारिस गरिएको, मान्यता प्राप्त उत्पादकहरु मार्फत उत्पादन गरिएको, लेबल सहितको उन्नत जातको मकैको बीउ मात्र प्रयोग गर्नुपर्छ।





- मध्य पहाडमा उपयुक्त मकैको जातहरु

रामपुर कम्पोजिट, गणेश १, मनकामना ३, देउती, खुमल हाइब्रिड २, अरुण४, पोषिलो मकै २, रामपुर हाइब्रिड१०

- बीउ रोप्नुपुर्व बीउलाई ढुसिनाशक बिषादीहरु जस्तैः कार्बेन्डाजिम, क्याप्टन, थिराम आदिले उपचार
- बीउ उपचार गरेपछि निश्चित हारमा (लाइन) बीउ रोप्ने
- ७५ से.मी*२५ से.मी. अथवा ६५ से.मी*२५ से.मी. अ ० * से.मी.को दुरीमा रोप्ने।














### वैशाख महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरुः

मध्य पहाड

७-२१ आलु खन्ने समय अनुकूल भएको बेला खनेर ओभानो ठाउँमा एक/दुई दिन माटो झर्न दिई भण्डारण गर्ने ।



उच्च पहाड

१-२१ पुतली व्यवस्थापनको लागि जमिन बाहिर आलुको दाना नदेखिने गरि उकेरा लगाउने। रोगर ३०% ई.सी., २ एम.एल. प्रति लिटरको दरले पानीमा किरा लागेको ठाउँमा भिज्ने गरी छर्कने।




# जेठ महिनाको पात्रो

**जेठ महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरुः**

- मकैमा अमेरीकन फौजी किराको प्रकोप देखा परेमा१५-२५ दिनको अन्तरालमा एजाडिराक्टिन ५ मि.ली. प्रति लिटरका दरले पानीमा मिसाई छर्ने।इमामेक्टिन बेन्जोएट ५ प्रतिशत एस.जी. १ ग्राम प्रति २.५ लिटर पानिका दरले वा क्लोरएन्ट्रानिलीप्रोल १८.५ एस.सी १ मी.ली. प्रति लिटर पानीका दरले वा स्पाइनोस्यड ४५ प्रतिशत एस.सी. १ मी.ली. प्रति ३ लिटर पानिका दरले मिसाएर छर्कनुपर्दछ।
- मोहिनि पासो, बत्तिको पासोको प्रयोग गरि वयस्क पुतलीको नियन्त्रण गर्न सकिन्छ।
- खुम्रे किरा देखापरेमा मालाथियन धुलो ५५, १.५ किलो प्रति रोपनीका दरले मकै लगाउँदा माटोमा प्रयोग गर्ने वा क्लोरपाइरिफस १० ई.सी. २ मि.लि. प्रति लिटर पानीमा घोली प्रति रोपनि ३० देखि ४० लिटरको घोलले माटो भिज्ने गरि स्प्रे गर्ने
- मकै लगाएको २०-३० दिन पछि मकैको बोट घुँडा सम्म आएको अवस्थामा गोडमेल र सिँचाई गर्ने र २.५ के.जी Urea प्रति रोपनीका दरले टप ड्रेस गर्ने ।

**जेठ महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरुः**

मध्य पहाड

आलु भण्डारणमा पुतलीले धेरै नोक्सानी गर्ने भएकाले यसको नियन्त्रणको लागी बोझोको गानोको धुलो २ ग्राम प्रति के.जी आलुको दरले मिसाउने ।









# असार महिनाको पात्रो

### असार महिनामा मकै बालीमा गरिने प्रमुख कार्यहरुः

- रोगी तथा बाक्लो भएको बोट उखेलेर फाल्ने र उकेरा दिने साथै वर्षा सुरु हुन लागेकोले निकासको उचित व्यवस्था गर्ने ।
- मकैको धान चमर निस्कने बेला भएपछि सिँचाई गरेर २.५ के.जी. Urea प्रति रोपनीका दरले टप ड्रेस गर्ने।



- साउनमा ध्वाँसे थेग्ले देखा पर्ने हुँदा असारको अन्त्य तिर Carbendazim 1gm/l अथवा SAAF 2gm/l हाल्ने। त्यसपछि रोगको प्रकोप हेरी फेरी विषादी प्रयोग गर्ने







### असार महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरुः

उच्च पहाड

आलु खन्ने समय अनुकुल भएको बेला खनेर ओभानो ठाउँमा एक-दुई दिन माटो झर्न दिई भण्डारण गर्ने ।









# साउन महिनाको पात्रो

### साउन महिनामा मकै बालीमा गरिने प्रमुख कार्यहरुः

- मकैमा डाँठ तथा गुभो भित्र बसेर खाने गवारोको प्रकोप बढी भएको अवस्थामा क्लोरोपाइरिफस ३० इ.सी. १.५ देखि २ मि.लि. प्रति लिटरका दरले पानीमा मिसाइ छर्कने।








### साउन महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरुः

उच्च पहाड

आलु भण्डारणमा पुतलीले धेरै नोक्सानी गर्ने भएकाले यसको नियन्त्रणको लागि बोझोको गानोको धुलो २ ग्राम प्रति के.जी. आलुको दरले मिसाउने ।








# भदौ महिनाको पात्रो

**भदौ महिनामा मकै बालीमा गरिने प्रमुख कार्यहरुः**

- मकै पाक्ने अवस्था भएकोले तल दिएको तरिका अनुसार पाकेको थाहा पाउन सकिन्छः
  - मकैको जुङ्गा सुकेर कालो भएपछि ।
  - धानचमरा सुकेपछि ।
  - मकैको घोगाको खोष्टा सुकेपछि ।
  - मकैको घोगा नङयाएर हेर्दा मकैको दाना साह्रो भएपछि ।
  - मकैको घोगा पहिलेको भन्दा अलिकती बढी लत्रिएपछि ।
  - मकैको दानाको नाथ्रि भित्र कालो रंग देखा परेपछि ।
  - मकैको दानाको चिस्यान २० देखी २५% भन्दा कम भएपछि ।
- पाकेको मकैलाई

**भदौ महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरुः**

तराई

आलुको बीउ छनोट गर्दा तराईका लागि सिफारिस जात मात्र छनोट गर्नुहोस् ।





मकैको झुत्ता



प्लाष्टिक कोटेड सुपरग्रेन हर्मेटिक ब्याग



सिड बिन





भण्डारण गृह

# असोज महिनाको पात्रो

**असोज महिनामा मकै बालीमा गरिने प्रमुख कार्यहरुः**

मकै भण्डारण गर्ने विधि

- घोगालाई झुत्ता बनाएर सुख्खा ठाउँमा झुण्डाएर राख्ने ।
- मकैलाई ४ देखि ५ घाम राम्रो सँग सुकाएर मकैमा चिस्यानको मात्रा १२% (मकै हातमा झार्दा एक आपसमा ठोक्किएर आवाज आउने) भन्दा कम भएपछि सुधारिएको भकारी अथवा प्लाष्टिक कोटेड सुपरग्रेन हर्मेटिक ब्याग तथा सिड बिनमा भण्डारण गर्ने ।
- बीउ भण्डारण गर्नुपुर्व बीउलाई राम्रोसँग केलाई ग्रेडिङ गरे पश्चात मात्र सफा बोरा वा सिड बिनमा भण्डारण गर्नपर्दछ ।
- सेल्फस चक्की (प्रति क्विन्टल १ चक्कीका दरले) कपास वा कपडामा बेरेर भण्डारण गरी राखिने बीउको भित्रपट्टि राखिदिने ।
- भण्डार गृहभित्र भण्डारण गरीराखेको बीउलाई मुसा तथा चराबाट जोगाउन उचित प्रबन्ध गर्ने । मुसा छिर्ने दुलो भएमा समयमै बन्द गरि थप क्षति हुनबाट जोगाउने ।

**असोज महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरुः**

तराई

कोल्ड स्टोरबाट आलुलाई झिकि खुल्ला ठाउँमा एकदिन फिजाएर दानाको पसिना ओभाउन दिने र आलुलाई उज्यालोतिर सिधा, घाम नपर्ने, हावा खेल्ने, सुख्खा न्यानो ठाउँमा फिजाएर टुसाउन दिने ।

जमिन तयारी गर्दा पाकेको मल मात्र प्रयोग गर्ने ।







मकैको खोस्टाबाट विभिन्न सामाग्री बनाउने एडभान्स तालिम

## कार्तिक महिनाको पात्रो

### मकै भण्डारणमा लाग्ने मुख्य किराहरुः



मकैको घुन



अनाजको पुतली



अनाजको गवारो



खप्रा खपटे



पीठोमा लाग्ने रातो खपटे

### कार्तिक महिनामा आलु वालीमा गरिने प्रमुख कार्यहरुः

**तराईमा**

आलु रोप्दा गुणस्तरीय वीउ ५० किलो प्रति कठ्ठाका दरले रोप्ने।

साथै डि.ए.पी. ७.३ के.जी., युरिया ४.७ के.जी., एम.ओ.पी. ३.३ के.जी. र कम्पोस्ट वा गोठेमल १००० के.जी. प्रति कठ्ठाका दरले वीउ रोप्नु अघि नै राख्ने।











# मङ्सिर महिनाको पात्रो

## मकै बालीमा लाग्ने किराहरु:



खुम्रे किरा



फेद कटुवा किरा



गवारो किरा





अमेरीकन फौजी किरा

## मङ्सिर महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरु:

तराईमा

कार्तिकमा रोपेको आलुलाई उकेरा लगाई माटोको चिस्यानको अवस्था हेरी सिँचाई गर्नुहोस्।




डढुवा रोगको व्यवस्थापनका लागि Mancozeb युक्त कुनै पनि विषादी २०५ ग्राम प्रति लिटर पानीमा घोलेर प्रतिकठ्ठा ३० लिटरका दरले बोटको सम्पूर्ण भाग भिज्ने गरी सात दिनको अन्तरमा ४ देखि ६ पटक सम्म छर्नुहोस्।

पुतली व्यवस्थापनको लागि जमन बाहिर आलुको दाना नदेखिने गरी उकेरा लगाउने।रोगर ३०% ई.सी., २ एम.एल. प्रतिलिटरको दरले पानीमा किरा लागेको ठाउँमा भिज्ने गरी छर्कने।




# पुष महिनाको पात्रो

**मध्य पहाडी क्षेत्रका लागि उपयुक्त मकैका जातहरु**

| जातहरु | पाक्ने दिन | उत्पादन(मे.टन/हे) |
|---|---|---|
| १) रामपुर कम्पोजिट | ११५-१३० | ४.४२ |
| २) गणेश १ | १७५ | ३.५-४.५ |
| ३) मनकामना ३ | १४२ | ५.६ |
| ४) देउती | १३०–१३५ | ५.७ |
| ५) मनकामना ४ | १४०-१४५ | ५.१ |
| ६) खुमल हाईब्रिड २ | १३८-१४५ | ९.०८ |
| ७) अरुण ४ | ११० | ४.५ |
| ८) पोषिलो मकै २ | १२०–१६० | ४.५ |
| ९) मनकामना ७ | १५८ | ६.६ |
| १०) रामपुर हाईब्रिड १० | १२०-१६० | ८.०५ |

**पुष महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरुः**

मध्य पहाड

आलुको बीउ छनोट गर्दा मध्य पहाडका लागि सिफारिस जात मात्र छनोट गर्नुहोस्

आलुको बीउलाई स्टोरबाट झिकी छायादार ओभानो ठाउँमा बाँस/काठको थाकमा २-३ तह फिजाएर टुसाउन दिनुहोस्

जमिन तयारि गर्दा पाकेको मल मात्र प्रयोग गर्ने

तराई

तराईमा लगाइएका आलुका अगौटे जातहरुमा लाहि किरा देखिन थालेकोले विशेष ध्यान पुर्याउनुहोस्।









# माघ महिनाको पात्रो

### बीउ ढड्याउने वा बीउ भिजाउन प्रविधि:

बीउ छर्नुभन्दा पहिला बीउलाई राम्ररी केलाई सफा पानीमा १६ देखि १८ घण्टा भिजाए पश्चात पानी तर्काइ सिधा घाम नपर्ने स्थानमा बीउलाई फिजाई बीउको सतहमा रहेको पानी सुकाई बीउलाई ओभानो बनाउने विधिलाई बीउ ढडयाउने विधी (Seed Priming) भनिन्छ ।

सिड प्राईमिङका फाईदाहरु:

- भिजाएको बीउ नभिजाएको बीउ भन्दा ३–४ दिन अगाडि उम्रिन्छ ।
- बीउ एकनाशले उम्रन्छ र बिरुवाको बृद्धिदर छिटो हुन्छ ।
- सामान्यतया नभिजाएको बीउ भन्दा भिजाएर लगाएको बीउको बाली ४ देखि ५ दिन छिटो पाक्दछ ।





### माघ महिनामा आलु बालीमा गरिने प्रमुख कार्यहरु:

**मध्य पहाड**

आलु लगाउने जग्गामा युरिया ४ देखि ६ के.जी., डि.ए.पी. ६.५ देखि ११ के.जी., एम.ओ.पी. ३.३ देखि ६ के.जी. प्रति रोपनीका दरले र गोठेमल वा कम्पोस्ट ५०० देखि ७५० केजीका दरले हाल्ने ।

**उच्च पहाड**



आलुको बीउ छनोट गर्दा उच्च पहाडका लागि सिफारिस जात मात्र छनोट गर्नुहोस् ।

फाल्गुनमा लगाउने आलुलाई उज्यालोतिर सिधा, घाम नपर्ने, हावा खेल्ने, सुख्खा न्यानो ठाउँमा फिजाएर टुसाउन दिने।

जमिन तयारी गर्दा पाकेको मल मात्र प्रयोग गर्ने।




# फाल्गुन महिनाको पात्रो

## मकै खेतीमा मलखाद व्यवस्थापन

| मलखाद | उन्नत जात प्रति रोपनी | वर्णशंकर प्रति रोपनी | प्रयोग गर्ने बेला |
|---|---|---|---|
| कम्पोष्ट मल | ५० डोको | ५० डोको | जमिन तयारी गर्दा |
| डि.ए पी | ४.३ के.जी. | ६.५२ के.जी. | जमिन तयारी गर्दा |
| पोटस | २.५ के.जी. | ३.३ के.जी. | जमिन तयारी गर्दा |
| युरिया | २.५ के.जी. | ३ के.जी. | जमिन तयारी गर्दा |
| | ३ के.जी. | ४ के.जी. | घुडाँ जति अग्लो भएपछि |
| | १.५ के.जी. | ३ के.जी. | धान चमरा निस्किने बेला |

## फाल्गुन महिनामा मकै बालीमा गरिने प्रमुख कार्यहरुः

### मध्य पहाड

माघमा लगाइएको आलु गोडमेल सुरु गर्नुहोस्।

रोपेको आलुलाई माटोको चिस्यानको अवस्था हेरी सिँचाई गर्ने र उकेरा दिने

डढुवा रोगको व्यवस्थापनका लागि Mancozeb युक्त कुनैपनि विषादी २०५ ग्राम प्रति लिटर पानीमा घोलेर प्रतिरोपनी ४५ लिटरका दरले बोटको सम्पूर्ण भाग भिज्ने गरी सात दिनको अन्तरमा ४ देखि ६ पटक छर्नुहोस्।

### उच्च पहाड

फाल्गुनमा लगाउने आलु रोप्न सुरु गर्न नसकिने अवस्थामा छापोको व्यवस्था गर्ने।

आलु लगाउने जग्गामा युरिया ४ देखि ६ के.जी., डि.ए.पी. ६.५ देखि ११, एम.ओ.पी. ३.३ देखि ६ प्रति रोपनीका दरले र गोठेमल वा कम्पोस्ट ५०० देखि ७५० केजीका दरले हाल्ने।

### तराई

आलु खन्ने समय अनुकूल भएको बेला खनेर ओभानो ठाउँमा एक/दुई दिन माटो झर्न दिई भण्डारण गर्ने।






# चैत महिनाको पात्रो

## चैत्र महिनामा मकै बालीमा गरिने प्रमुख कार्यहरु:

- मकै लगाउनु २०-२५ दिन पहिले ५० डोको पाकेको प्रंगारिक मल, ४.३ के.जी. डि.ए.पी., २.५ के.जी. युरिया, २.१७ के.जी. पोटास प्रति रोपनीका दरले जग्गामा मिलाउने
- आफ्नो क्षेत्रको लागि सिफारिस गरिएको उपयुक्त जात छनोट गर्ने
- मकै रोप्न उपयुक्त चिस्यान भए बीउ उपचार गरि मकै रोप्ने





## चैत्र महिनामा मकै बालीमा गरिने प्रमुख कार्यहरु:

### मध्य पहाड

पुतली व्यवस्थापनको लागि जमिन बाहिर आलुको दाना नदेखिने गरी उकेरा लगाउने।

### उच्च पहाड

फाल्गुन पहिलो र दोस्रो साता लगाइएको आलुमा गोडमेल र उकेरा दिनुहोस्।

डढुवा रोगको व्यवस्थापनका लागि Mancozeb युक्त
लिटर पानीमा घोलेर प्रतिरोपनी ४५ लिटरका दरले
दिनको अन्तरमा ४ देखि ६ पटक छर्नुहोस्।



### तराई

आलु भण्डारणमा पुतलीले धेरै नोक्सानी गर्ने भएकाले यसको नियन्त्रणको लागि बोझोको गानोको धुलो २ ग्राम प्रति के.जी. आलुको दरले मिसाउने।